बुढीगंगा नगरपालिका
Budhiganga Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
# कृषि बिकास शाखा
# Agriculture Development Branch
कुल्देवमाण्डौ, बाजुरा
Kuldevmandu, Bajura

प.स./Letter No. : २०८०/०८१
च.न./Ref. No. : ४१

सुदुरपश्चिम प्रदेश, नेपाल
Sudurpaschim Province, Nepal

---

## बुढीगंगा नगरपालिका कृषि विकास शाखाको विभिन्न कार्यक्रममा आवेदन पेश गर्ने सम्वन्धि सुचना
(प्रथम पटक सुचना प्रकाशित मिति २०८०/१२/१६)

बुढीगंगा नगरपालिका कृषि विकास शाखाको आर्थिक बर्ष २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार सुदुरपश्चिम प्रदेश सरकारको मिति २०८०/०६/१४ गतेको स्वीकृत स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम संचालन कार्यविधि,२०८०को परिच्छेद ३ को दफा ९ र परिच्छेद ४ को दफा १४ बमोजिम तपशिलका कार्यक्रम संचालन गर्नु पर्ने भएकोले तोकिएको मापदण्ड पुगेका ईच्छुक कृषक समुह/सहकारी /कृपि फर्म / कृषि उद्यमीहरुले तोकिएको कागजात सहित यो सुचना प्रकाशन भएको मितिले १५ दिन अर्थात २०८०/१२/३० गते कार्यालय समय भित्र यस बुढीगंगा नगरपालिका कृषि विकास शाखामा आवेदन पेश गर्न हुन सम्वन्धित सबैको लागी यो सुचना प्रकाशन गरिएको छ । थप जानकारी लागि फोन नंम्बर ९८६८४२४८९१, ९८४८६६२९०९, ९८६३१०६८७५ मा फोन गर्न सक्नु हुनेछ ।

दिपक बहादुर थापा
ना.प्रा.स.

नरेन्द्र नाथ
नि.प्रमुख प्रशासकिय अधिकृत

आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु

१.रु १० को टिकट सहित कार्यालयले निर्दिष्ट गरेको ढाँचामा तयार पारेको आवेदन फारम

२.कृषक समुह /कृषि सहकारी/कृषि फर्महरुको हकमा दर्ता प्रमाण पत्र र कर चुक्ताको प्रमाण पत्र

३.कृषक समुह /सहकारीको हकमा कार्यक्रम संचालन सम्वन्धिको निर्णय

४.अध्यक्ष वा संचालकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

५. राजश्व बुझाएको सक्कल भौचर

६. रु १ लाख ५० हजार सम्म अनुदान माग गर्ने आवेदकले रु ३०० र २५ हजार अनुदान माग गर्ने आवेदकले रु १०० फिर्ता नहुने गरी बुढीगंगा नगरपालिकाको राजश्व शाखामा जम्मा गरी सक्कल भौचर वा नगदी रसिद पेश गर्नु पर्ने छ ।

तपशिल,

| क्र.स | कार्यक्रमको नाम | परिमाण | बजेट रु(हजारमा) | न्युनतम मापदण्ड |
|---|---|---|---|---|
| १. | साना सिचांई निर्माण तथा मर्मत | ६ | १५० | कम्तिमा १ हे.खेतीयोग्य जमिन सिचांई गर्न सकिने क्षेत्रफल भएको । |
| २. | मागमा आधारित ५० प्रतिशत मुल्य अनुदानमा HDP पाईप वितरण | २००० मि. | १५० | २ रो.क्षेत्रफलमा तरकारी खेती गरेको हुनुपर्ने । फलफुल खेतीको हकमा १० रो.क्षेत्रफलमा खेती गरेको हुनुपर्ने । कम्तिमा १०० मि.र अधिकतम २०० मि.पाईपको लागि ५० प्रतिशत अनुदानमा रकम उपलब्ध गराउन सक्ने । |

Scanned with CamScanner